खावासाकी अन्तर्राष्ट्रिय संघ

KIAN हेल्लो खावासकी

जापानिज, अंग्रेजी, चाइनिज, कोरियन अथवा उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली,
तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज
संघको होमपेज(https://www.kian.or.jp/hlkwsk.html) मा पनि प्रकाशित
2-2 किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, 211-0033, जापान
फोन नं.:044-435-7000 फ्याक्स नं.:044-435-7010 https://www.kian.or.jp/ ईमेल:kiankawasaki@kian.or.jp

******************************************************************************

## आय विवरण घोषणा "खाकुतेइ सिन्कोकु" सम्बन्धि

2025 साल जनवरी 1 तारिख देखि डिसेम्बर 31 तारिख सम्मको एक वर्षको आय विवरण (आम्दानी तथा खर्च) अनुसार आयकरको लेखा परीक्षण (हिसाब) गरि आय विवरण घोषणा गर्छौं।

निम्न मध्ये कुनैमा पनि ✓ चिन्न लगाउनु भएको छ भने आय विवरण घोषणा गर्नै पर्ने हुन्छ।

- ☐ दुई वा सोभन्दा बढी ठाउँबाट तलब आउने व्यक्ति
- ☐ वर्षको अन्त्यमा कर समायोजनको लागि आवेदन नदिएको व्यक्ति
- ☐ व्यावसायिक आम्दानी भएको व्यक्ति
- ☐ वार्षिक आम्दानी 2 करोड येन भन्दा बढी भएको व्यक्ति
- ☐ तलब बाहेकको आम्दानी 2 लाख येन भन्दा बढी भएको व्यक्ति
- ☐ आफ्नो कटौतीहरु (चिकित्सा खर्च, दान, घरको पहिलो वर्षको ऋण आदि) भएको व्यक्ति



मोबाइल अथवा कम्प्युटरबाट आय विवरण घोषणा गर्न ई-ट्याक्स सुविधाजनक छ!

e-Tax

- घोषणा गर्ने अवधि: 2026/2/16 (सोमबार) देखि 3/16 (सोमबार) सम्म

**आर्थिक वर्ष 2025 मा गरिएको कर संशोधनका कारण आय कर प्रणालीमा केही परिवर्तनहरु भएका छन्। "आधारभूत कटौती" र "रोजगार आय कटौती" लाई परिमार्जन गरिएको र "परिवारको विशेष सदस्यको लागि विशेष कटौती" थपिएको छ। यो संशोधन नियम अनुसार 2025 साल डिसेम्बर 1 तारिख बाट शुरु भएर 2025 देखिको आय करमा लागू हुनेछ। विस्तृत जानकारीको लागि राष्ट्रिय कर कार्यालयको होमपेजमा हेर्नुहोस्।**
https://www.nta.go.jp/publication/pamph/gensen/0025004-025.pdf

- ◆ राष्ट्रिय कर कार्यालयको होमपेजमा अंग्रेजीमा जानकारी उपलब्ध छ।
  https://www.nta.go.jp/english/taxes/individual/gaikoku301.htm
- ◆ विदेशीहरुको लागि आय विवरण घोषणा आदि तयार गर्ने तरिका 2024 सालको (सन्दर्भको रुपमा प्रयोग गर्नुहोस्)
  https://www.nta.go.jp/taxes/shiraberu/shinkoku/tebiki/2024/foreigner/index.htm
  अंग्रेजी, चाइनिज, भियतनामी, पोर्तुगाली, नेपाली

**बहुभाषामा तयार गर्ने तरिका**

खावासाकी शहर कर कार्यालय

| खावासाकी शहरको कार्यालय | सम्पर्क गर्ने ठाउँ | तपाईं बस्ने वडा |
|---|---|---|
| खावासाकी उत्तरी कर कार्यालय | 2-4-3 हिसामोतो, ताकाचु वडा, खावासाकी(044-852-3221) | नाकाहारा वडा, ताकाचु वडा र मियामाए वडा |
| खावासाकी पश्चिमी कर कार्यालय | 1-3-14 खामीआसो, आसो वडा, खावासाकी(044-965-4911) | तामा वडा र आसो वडा |
| खावासाकी दक्षिणी कर कार्यालय | 3-18 एनोकिच्यो, खावासाकी वडा, खावासाकी(044-222-7531) | खावासाकी वडा र साईवाई वडा |

******************************************************************************

## अन्तर्राष्ट्रिय केन्द्रमा आपतविपत रोकथाम अभ्यासको आयोजना हुदैछ। कार्यक्रममा सहभागी हुनुहोस् ।

नाकाहारा आगलागी नियन्त्रण विभाग र टोल-छिमेकी संगठनको सहयोगमा विदेशी तथा जापानिज बासिन्दाहरुसँगै मिलेर आपतविपत रोकथाम अभ्यास गर्नेछौं।



【मिति र समय】 2026/2/20 (शुक्रबार) बिहान 10 बजे बाट 12 बजे
【स्थान】 खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको मूल ढोका आगाडि
【कार्यक्रमहरु】 दमकलको भ्याङबाट ओर्लिने, धुवाँले भरिएको ठाउँबाट सुरक्षित साथ निस्किने, आगो निभाउने उपकरण र AED मेशिनको प्रयोग गर्ने जस्ता अभ्यास

पानी परे पनि संचालन गरिनेछ।

【शुल्क】 नि:शुल्क
【आवेदन】 आवेदन दिन नपर्ने, सहभागी हुन चाहने व्यक्तिहरु 10 बजे आउनुहोस्
【सम्पर्क】 खावासाकी अन्तर्राष्ट्रिय संघ
फोन नं.:044-435-7000 ईमेल:kiankawasaki@kian.or.jp

विस्तृत जानकारी

# 2026 साल जनवरी देखि मार्च सम्मको केन्द्रका कार्यक्रमहरु

| कार्यक्रम | मिति र समय | सहभागिता | विवरण |
|---|---|---|---|
| विदेशीहरुको लागि रमाईलो र उपयोगी जापानिज भाषाको कक्षा<br>जापानिज भाषा  | बिहानको कक्षा (प्रत्येक मंगलबार र शुक्रबार)<br>जनवरी 6 तारिख - मार्च 10 तारिख<br>बिहान 9:50 बाट 11:50<br>साँझको कक्षा (प्रत्येक बुधबार)<br>जनवरी 14 तारिख - मार्च 18 तारिख<br>साँझ 6:30 बाट 8:30 | 10,450 येन (19 पटक)<br>पाठ्यक्रमको शुल्क अलगै लाग्ने<br>बच्चा हेरिदिने सुविधा छ।<br>1 वर्ष भन्दा माथिको / नि:शुल्क<br>4,950 येन (9 पटक)<br>पाठ्यक्रमको शुल्क अलगै लाग्ने<br>बच्चा हेरिदिने सुविधा छैन् । | समूहमा पढाउने कक्षा<br>(एउटा कक्षा लगभग 10 जना जति)<br>शुरु देखि (हीरागाना देखि) माथिल्लो तह सम्मको 8 देखि 11 वटा कक्षा छ।<br>हाल आवेदन लिदै छ।<br>फोटो एक प्रति (3X4cm को) लिएर आउनुहोस् । |
| वसन्त ऋतुको बिदामा संचालन गरिने बच्चाहरुको विदेशी भाषाको कक्षा <br>बच्चाको लागि अंग्रेजी भाषा A<br>बच्चाको लागि अंग्रेजी भाषा B<br>बच्चाको लागि स्पेनिश भाषा | मार्च 26 तारिख (बिहीबार) देखि 28 तारिख (शनिबार) सम्म<br>अंग्रेजी भाषा A: दिउँसो 1:00 बाट 2:00<br>अंग्रेजी भाषा B: दिउँसो 2:30 बाट 3:30<br>स्पेनिश भाषा: बिहान 10:30 बाट 11:30 | पढाई शुल्क: 3,300 येन<br>(पाठ्यक्रमको शुल्क सहित)<br>फेब्रुअरी 25 तारिख (बुधबार) देखि आवेदन खुल्ने<br>*पहिले आवेदन दिनेलाई पहिलो प्राथमिकता दिइने | विदेशी शिक्षकहरुबाट<br>बच्चाको लागि अंग्रेजी भाषा A (प्राथमिक विद्यालय 1 र 2 कक्षा)<br>बच्चाको लागि अंग्रेजी भाषा B (प्राथमिक विद्यालय 3 र 4 कक्षा)<br>स्पेनिश भाषा<br>(प्राथमिक विद्यालय 1 देखि 5 कक्षा)<br>सिकौं। |
| 31औं<br>विदेशी बासिन्दाहरुको जापानिज भाषाको वक्तृत्व-कला प्रतियोगिता | फेब्रुअरी 7 तारिख (शनिबार)<br>दिउँसो 1:00 बाट 3:30<br>प्रतियोगिता पछि सामाजिक जमघट आयोजना गरिनेछ।<br>दिउँसो 3:30 बाट 4:30 (योजना) | सामाजिक जमघटमा भाग लिन चाहनेहरूले आवेदन दिनुपर्नेछ।<br>शुल्क: नि:शुल्क<br>संख्या: 100 जना<br>हाल आवेदन लिदै छ | जापानमा बसोबास गरेको पाँच वर्ष नपुगेको विदेशीहरुले जापनिज भाषामा स्पीच ( वक्तृत्व-कला प्रदर्शन) दिनेछ।<br>विशेष अतिथिको रुपमा "पाटोफ र लस कारुनास समूहबाट नृत्य र गीत प्रदर्शन गर्नेछ। |
| 23औं खानागावा<br>बिएना-रे<br>अन्तर्राष्ट्रिय<br>बाल चित्र प्रदर्शनी  | फेब्रुअरी 4 तारिख (बुधबार) देखि फेब्रुअरी 17 तारिख (मंगलबार) बिहान 9 बजे बाट बेलुका 9 बजे सम्म<br>※फेब्रुअरी 16 तारिख बन्द हुनेछ। | खावासाकी अन्तर्राष्ट्रिय केन्द्र प्रदर्शनी लबी<br>प्रवेश: नि:शुल्क | 71 वटा देश र क्षेत्रहरुबाट पठाएको चित्रहरु मध्यबाट पुरस्कृत भएका सहित छानिएका लगभग 100 वटा चित्रहरु प्रदर्शनीमा राखिनेछ। |
| "चिक्यू सिमिन कोउजा (विश्वव्यापी नागरिक कार्यक्रम)"  | मार्च 14 तारिख (शनिबार)<br>दिउँसो 1 बजे बाट 4 बजे सम्म<br>(योजना) | शिक्षक: ताकानोरी हायाओ<br>(टोकियो केइजाइ विश्वविद्यालय प्राध्यापक)<br>शुल्क: 500 येन<br>संख्या: 200 जना<br>हाल आवेदन लिदै छ | प्यालेस्टिनी-इजरायली मुद्दालाई विचार गर्ने कार्यक्रम हो।<br>फिल्म प्रदर्शनी पनि छ। |

**************************************************************************************

# खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

**जापानमा बसोवास गर्दै गर्दा समस्या परेमा वा प्रश्नहरु भएमा नहिचकिचाई हामीलाई सम्पर्क गर्नुहोस्। (नि:शुल्क)**

## ZOOM प्रयोग गरेर अनलाइन परामर्श पनि लिन सक्नुहुन्छ !

बुकिंग होमपेज बाट गर्नुहोस्

फोन नं.: **044-455-8811**

परामर्शको समय: **बिहान 9 बजे बाट 5 बजे**

तालिका सूचीमा नभएका भाषाहरु र तोकिएको भाषा बोल्ने परामर्श दाता भएको दिनहरु बाहेका दिनहरुमा पनि परामर्श लिन सक्नुहुन्छ। (फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर)

| भाषा | बार | समाधान गर्ने तरिका |
|---|---|---|
| सजिलो जापानिज, अंग्रेजी, चाइनिज, पोर्तुगाली, स्पेनिश, तागालोग, नेपाली, कोरियान, थाई, भियतनामी | सोमबार देखि शनिबार | परामर्श दाताले बोल्न सक्ने भाषाहरु (※**नोट**) बार अनुसार उक्त भाषा बोल्ने परामर्श दाता नभए पनि फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श गरिनेछ। |
| इन्डोनेसियाली | सोमबार देखि शुक्रबार | |
| हिन्दी, फ्रान्सेली, रुसी, मलाय, बर्मेली | सोमबार देखि शुक्रबार | फोनको भाषिक अनुवाद सुविधा प्रयोग गरेर परामर्श लिन सक्नुहुन्छ। |

अनलाइन परामर्शको आवेदनको लागि

खावासाकी अन्तर्राष्ट्रिय संघको होमपेज

# प्रशासनिक अधिकृत बाट नि:शुल्क परामर्श

प्रशासनिक अधिकृतसँग परामर्श लिन सक्ने विषयहरु धेरै भएता पनि मुख्यतया **विभिन्न लाइसेन्सहरुको आवेदन, उत्तराधिकार सम्बन्धित प्रक्रियाहरु, भिषा सम्बन्धित प्रक्रियाहरु, कम्पनी स्थापना, सम्झौता पत्रहरुको तयारी, उत्तराधिकार सम्बन्धि इच्छापत्र तयारी** आदि हुन।

**प्रत्येक महिनाको तेस्रो आइतबार परामर्श सेवा उपलब्ध छ।** जापानिज भाषामा मात्र परामर्श सेवा उपलब्ध गराइने भएतापनि सशुल्क अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सक्नुहुन्छ।

**2026/2/15 र 2026/3/15 (आइतबार)** दिउँसो **2 बजे बाट 4 बजे** (केन्द्रको दोस्रो तल्ला संघको बैठक कोठा)